# आर्थिक वर्ष २०८०।०८१ को कार्यक्रम तथा बजेट वक्तव्य

काईके गाउँपालिका शहरतारा बगर, डोल्पा

काईके गाउँपालिका शहरतारा बगर, डोल्पा
कर्णाली प्रदेश, नेपाल
२०८०

**गाउँ सभाको बैठकमा मिति २०८० असार १२ गते मंगलबार**

**गाउँपालिका उपाध्यक्ष श्री निमा बुढा ज्यूले**

**प्रस्तुत गर्नुभएको**

# आर्थिक वर्ष २०८०।०८१ को कार्यक्रम तथा बजेट वक्तव्य

**काईके गाउँपालिका शहरतारा बगर, डोल्पा**

**कर्णाली प्रदेश**

**२०८०**

काईके गाउँपालिका शहरतारा बगर, डोल्पा

**आजको यस सम्मानित काइके गाउँपालिकाको गाउँसभाका सभाध्यक्ष ज्यू,**
**प्रमुख अतिथि ज्यू,**
**मञ्चमा आसीन सम्पुर्ण अतिथिगण,**
**वडाध्यक्ष ज्यूहरु,**
**गाउँसभाका सदस्यज्यूहरु,**
**उपस्थित सम्पुर्ण शिक्षक, पत्रकार,सुरक्षाकर्मि मित्रहरु,**
**तथा सम्पुर्ण गाउँबासी, बुबा,आमा, दाजुभाई तथा दिदीवहिनीहरु,**

यस गरिमामय सभामा काइके गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिका लाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

काइके गाउँपालिकालाइ उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध विकास र विकासका पुर्वाधारहरुमध्ये शिक्षा, स्वास्थ्य, खानेपानि, बिद्युत सडक यातायात लगायतका विषयहरुलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

काइके गाउँपालिका शुक्रनगर, डोल्पा

**(ख) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )**

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।आ व २०७९।८० मा समेत संघिय सरकारले रु ८९लाख ३७ हजार ५ सय तथा प्रदेश सरकारले रु ६ लाख १० हजार ५ सय गरि जम्मा रु ९५ लाख ४८ हजार समानिकरण अनुदानको अन्तिम किस्ता कटौति गरेको छ । जसले गर्दा विकास निर्माण लगायतका कार्यमा समेत नकारात्मक असर परेको छ ।

आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो काइके गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकामा क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**(ग) विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१) संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२) आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३) विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४) गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१) रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२) बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३) गुणस्तरीय बीउबिजन समयमा नै उपलब्ध गराउनु ।
४) युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५) ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६) निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
७) बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
८) सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

**(घ) <u>नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)</u>**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस काइके गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

**(ङ) <u>चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि</u>**

**<u>भौतिक पूर्वाधार विकास सडक, खानेपानी, सिंचाइ का क्षेत्रमा भएका उपलब्धी</u>**

**<u>सडक यातायातः</u>**

यस काइके गाउँपालिकामा सदरमूकाम दुनै देखि सडक यातायातको पहुँच नपुगेपनि पुग्ने क्रममा रहेको हाल सम्म वडा नं २,३,४ मा धुले वा कच्ची सडक पुगेकोछ ।वडा नं १ ५ ६ र ७ मा पुग्ने क्रममै रहेको छ ।

**<u>सिंचाइ तथा खानेपानी</u>**

यस काइके गाउँपालिकाका सम्पुर्ण वडाहरुमा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ ।एक घर एक धाराको नीतिअनुरुप सवै घरहरुमा खानेपानि सेवा उपलब्ध हुने क्रममा रही कम्तिमा ९० प्रतिशत घरमा खानेपानि सेवा उपलब्ध भएको छ ।

**सामाजिक विकास शिक्षा, स्वास्थ्य, लक्षित समूह, का क्षेत्रमा भएका उपलब्धी**

कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ ।

काइके गाउँपालिका शेफाली नगर, डोल्पा

शहरतारा स्वास्थ्य चौकि तथा बन्ठाडा स्वास्थ्य चौकि बाट आवश्यक स्वास्थ्य सेवा प्रदान भैरहेको छ ।वडा न १ देखि ७ सम्म उपस्वास्थ्य भवन निर्माण समेत भएको छन । वडा नं १ कोलामा स्वास्थ्य इकाइ केन्द्र द्वारा सेवा प्रदान गरिएको छ ।

विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदानहरु निर्माण भएका छन ।

अपाङ्ग बृद्ध बृद्धा बालबालिकाहरुको लागि जाडोको समयमा न्यानो कपडाहरु पौष्टिक तत्वयुक्त खानेकुराहरु प्रदान गरिदै आएको छ।

**<u>आर्थिक विकास कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,का क्षेत्रमा भएका उपलब्धी</u>**

हाल सम्म यस काइके गाउँपालिकामा विभिन्न वडामा स्याउ फर्महरुको व्यवस्थित रुपमा वृद्धि गरिएको छ । कृषि सहकारीसंस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएकोछ ।गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरू तातोपानि कुण्ड,व्यासिरिखि पर्यटकिय क्षेत्र आदि क्षेत्रको संरक्षण र प्रवर्ध्दन गर्ने कामलाइ ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएकोछ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएकोछ । यसबाट रोजगारी सृजना भएकोछ ।

**<u>वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन</u>**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएकोछ । गाउँपालिकामा वन तथा वातावरणमा असर नपरोस भन्ने हेतुले हरेक घरमा ग्यास र ग्यास चुलो वितरण गरिएको छ ।

**<u>सुशासन तथा संस्थागत विकास कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय भएका उपलब्धी</u>**

गाउँपालिकाले ५वटा ऐन,३ वटा नियमावली, ६ वटा कार्यविधि, र १मापदण्ड १ निर्देर्शिकाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन मा ५९.२५प्रतिशत अंक प्राप्त गरेको छ ।स्थानीय तह वित्तिय शुसासन जोखिम मुल्याङकनमा ५८ प्रतिशत अंक प्राप्त गरेको छ ।

काईके गाउँपालिका शहरतारा, डोल्पा

## (च) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

**सभाध्यक्ष महोदय,**

**मिति २०८० साल जेष्ठ महिनाको १५ गते व्यवस्थापिका संसदमा केन्द्रिय सरकारका अर्थमन्त्रीले पेश गरेको बजेट घोषणामा आ.व. २०८०/०८१ का लागि नेपाल सरकारले दिने वित्तिय समानीकरण अनुदानको हिस्सा रु. ७ करोड ४ लाख रुपैया वित्तीय समानिकरण अनुदानमा प्राप्त हुनेछ। सोही बजेट वक्तव्यमा घोषणा भए अनुसार सशर्त अनुदानको रुपमा रु. ९ करोड २६ लाख प्राप्त हुनेछ, विशेष अनुदान बापत रु ७० लाख र समपुरक अनुदान बापत रु ५० लाख प्राप्त हुनेछ। संघिय सरकारको राजश्व बाट रु ४ करोड ७९लाख ४६ हजार ४ सय प्राप्त हुने अनुमान गरिएको छ । तथा मिति २०८० साल असार महिनाको १ गते कर्णालि प्रदेश संसदमा प्रदेश सरकारका अर्थमन्त्रीले पेश गरेको बजेट घोषणामा आ.व. २०८०/०८१ प्रदेश सरकारले दिने वित्तिय समानीकरण अनुदानको हिस्सा रु ४८ लाख ८३ हजार,शशर्त अनुदान बापत रु ६ करोड ८८ लाख १० हजार, समपुरक अनुदान रु १ करोड ५० लाख र राजश्व बाँडफाड बाट रु १ लाख ७६ हजार २२४ प्राप्त हुने अनुमान गरिएको छ। त्यस्तै आन्तरिक राजश्व अनुमान बापत रु ५ लाख २५ हजार र अल्या रकम बापत अनुमान रु १ करोड १५ लाख गरि सवै जम्मा गरी रु ३२ करोड ३८ लाख ४० हजार ६२४ रुपैंया बजेट पेश गरेको छु।**

सभाध्यक्ष महोदय,

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

### १। सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

#### क। शिक्षा

आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी **श्री अरनिको मा वि बाट** एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।जसको लागि शिक्षामा १ करोड बजेट विनियोजन गरेको छु ।

१) शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

२) गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

३) विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

४) विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

५) विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

६) संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

७) सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

८) विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

९) सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१०) गाउँपालिका क्षेत्र भित्रका परम्परागत विद्यालयहरु गुम्बा जस्ता शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ।

**ख। <u>संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम</u>**

१) गाउँपालिकाकालाइ खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता हरु निर्माण गरिनेछ।

२) गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै विशेषगरि काइके भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

३) गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

**ग। <u>युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम</u>**

१) खेलकुदको विकास गर्न लागि सघिंय सरकार बाट खेलकुद पुर्वाधार निर्माणको लागि वडा नं ३ मा रु १५ लाख विनियोजित गरिएको छ ।

२) विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३) विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

४) युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

५) युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६) विपन्न, गरिब परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

**घ. <u>लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम</u>**

१) लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२) महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३) ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४) विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

५) ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

६) "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

७) महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

८) गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

९) गाउँपालिकाका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१०) बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

**ङ. <u>स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम</u>**

१) नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

२) नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच औषधि र उपचारको प्रबन्ध मिलाइने छ।

३) सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

४) बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

५) नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

६) आर्थिक रुपमा अति विपन्न गाउँपालिका स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान आर्थिक सहायताको प्रबन्ध गरिनेछ।

७) अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

८) गाउँपालिकाका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।

९) महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

१०) स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

११) सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१२) स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

१३) कम्तिमा ५ बेडको अस्पताल स्थापना गरिनेछ ,जसको लागि संघिय सरकार बाट यो वर्ष रु ४१ लाख विनियोजित भएको छ।

१४) गाउँपालिकामा कम्तिमा पनि एक फार्मेसि गाउँपालिकाबाट सन्चालन गरिनेछ ।

१५) प्रत्येक वडाहरुमा आयुर्वेद सम्बन्धि औषधिहरु वितरण गर्ने व्यवस्था गरिनेछ ।

२। **<u>आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम</u>**

क। **<u>उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम</u>**

१) उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

२) लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

३) पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

४) गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।

५) विभिन्न जातजातिको जातजातिपरम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

६) काइके गाउँपालिकाको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनपाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।

७) गाउँपालिकाका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१) उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।स्याउ पकेट कार्यक्रम सन्चालन गरिनेछ ।कृषि शाखाको लागि रु १४ लाख ५० हजार र पशु शाखाको लागि रु १० लाख बिनियोजित गरेको छु ।

२) **रैथाने बालीहरु फापर कोदो जौ चिनो कागुनो लगायतको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।

३) कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा भेडा च्याङ्ग्रा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

४) गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

५) तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१) सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२) उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

३) गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४) सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

**३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१) पत्रकार महासंघकोसहकार्यमा स्थानीय सञ्चार माध्यमहरु संचार सस्था रेडियो र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्न, गाउँपालिकाको निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइ सहकार्य गरिनेछ।

२) नेपाल टेलिकमसँगको सहकार्यमा गाउँपालिका भित्र फोरजि नेट प्रणालि सुचारु गर्न आवश्यक समन्वय गरिनेछ ।

३) विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

४) नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाइ सूचनामैत्रि बनाइनेछ।

काईके गाउँपालिका शुद्धता बनाउँ, नेपाल

४। **<u>न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम</u>**

१) न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२) न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३) सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४) मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५। **<u>सुशासनसार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम .</u>**

*१) गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र तयार गरिनेछ।*

२) आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

३) जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

४) गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

५) गाउँपालिका सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन विशेषगरि शहरताराबगर तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

६) विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

७) संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

६। **<u>वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम</u>**

**क। <u>खानेपानी तथा सरसफाई</u>**

१) खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।एक घर एक धारा निर्माणको रणनितिअनुरुप खानेपानि सेवा पुग्न बाँकि रहेको घरहरुमा यो बर्षमा खानेपानि सेवा उपलब्ध गराइनेछ ।

२) जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेको तातोपानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३) अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

४) खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टमका साथै एन वास प्लान निर्माण गरि लागु गरिनेछ ।

**ख. <u>वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन</u>**

१) पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गरिने नीति लगिनेछ।

२) खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

३) विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

४) विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

**७. <u>भौतिक पूर्वाधार विकास शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार सम्बन्धी नीति तथा कार्यक्रम</u>**

१) आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२) दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

३) एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

४) विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

५) पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

६) वडा कार्यालय भवन निर्माणको लागि संघिय सरकारबाट समपुरक अनुदान बाट वडा नं २ को वडा कार्यालय निर्माणको लागि रु ५० लाख प्राप्त भएको छ, गाउँपालिका बाट रु ५० लाख थप गरि १ करोड विनियोजित गरिएको छ । संघिय सरकार विशेष अनुबाट वडा नं ६ को

वडा कार्यालय भवन निर्माणको लागि रु ७० लाख विनियोजित भएको छ । प्रदेश सरकार बाट समपुरक अनुदान वडा नं २ को वडा कार्यालय भवन निर्माणमा रु ७५ लाख विनियोजन भएकोमा संघिय सरकार समपुरक संग दोहोरिएको हुदाँ उक्त योजना संसोधनको लागि प्रस्ताव पेश गर्दछु ।प्रदेश सरकार समपुरक अनुदान बाट वडा नं ५ को वडा कार्यालय भवन निर्माण को लागि ७५ लाख विनियोजन भएकोमा गाउँपालिबाट थप रु ७५ लाख गरी जम्मा रु १ करोड ५० लाख विनियोजन गरिएको छ । संघीय सरकार र प्रदेश सरकार संग अन्य थप सहकार्य गरि थप आवश्यक बजेट विनियोजन गरि बाँकि सम्पुर्ण वडा कार्यालय भवन र गाउँपालिका निर्माण गर्न पहल गरिनेछ ।

७) गाउँपालिका भवन निर्माणको लागि जग्गा प्राप्तिको लागि आवश्यक पहल गरि जग्गा प्राप्ति गरिनेछ ।

८) स-साना झो.पु .हरू ,ल्यासिक्याप झो पु ,तोलतोल झो पु ,व्यासगाड झो पु निर्माणको लागि संघीय सरकार बाट रु ४१ लाख विनियोजित भएको छ,क्रमश उक्त पुलहरू निर्माण सम्पन्न गरिनेछ ।

९) भौतिक पुर्वाधार तथा प्राविधिक शाखाको लागि विभिन्न प्राविधिक लेवल मेसिन तथा आवश्यक सामाग्रि खरिदको लागि रु १० लाख विनियोजित गरेको छु

८। <u>राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम</u>

१) आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२) करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

३) गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

४) कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

<u>धन्यवाद</u>

<u>प्रस्तुतकर्ता</u>
<u>उपाध्यक्ष श्री निमा बुढा</u>